# <u>प्रदेश विभुषण सम्बन्धी कार्यविधी, २०७७</u>

बिभिन्न सार्वजनिक क्षेत्रमा विशेष योगदान गरेका व्यक्तित्वलाई प्रदेश सरकारबाटविभुषण प्रदानगर्ने कार्यलाई पारदर्शी एवम् व्यवस्थित बनाउन बाञ्छनीय भएकोले,-

प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारलेयो कार्यविधी बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१)यस कार्यविधीको नाम “प्रदेश विभुषण सम्बन्धी कार्यविधी, २०७७” रहेको छ ।

(२)यो कार्यविधीतुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) “कार्यदल” भन्नाले दफा ११ बमोजिमको प्राविधिक कार्यदल सम्झनु पर्छ ।

(ख) “कार्यविधी” भन्नाले प्रदेश विभुषण सम्बन्धी कार्यविधी, २०७७ सम्झनुपर्छ

(ग) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ङ) “विभुषण” भन्नाले यस कार्यविधीको दफा ३ बमोजिमको क्षेत्रमा प्रदेश सरकारबाट प्रदान गरिने विभुषणवा पदक सम्झनु पर्छ । सो शब्दले सो को साथमा प्रदान गरिने सम्मान पत्र समेतलाई जनाउनेछ।

(च) “समिति” भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## <u>विभुषणको प्रकार र प्रदान गरिने क्षेत्र</u>

३. <u>विभूषणको प्रकार र प्रदान गरिने क्षेत्र</u> :(१) विभिन्न क्षेत्रमाप्रदेश स्तरमा वा प्रदेशको प्रतिनिधित्व गरी प्रदेश बाहिर उत्कृष्ट काम गरी प्रदेशको गौरव बढाउने, प्रशंसनीय रुपमा कार्यसम्पादन गर्ने र विशेष योगदान पुऱ्याउने नेपाली नागरिकलाई प्रदेश सरकारले देहाय बमोजिमका विभुषणहरुप्रदान गर्न सक्नेछः-

(क) <u>सुदरपश्चिम प्रदेश रक्षक</u>: प्रदेशको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनका लागि आफ्नो ज्यान जोखिममा राखीअदम्य साहसका साथ कर्तव्य पालन गर्ने नेपाल

प्रहरी, सशस्त्र प्रहरी बल नेपाल,प्रदेश प्रहरीर प्रदेश अनुसन्धान व्यूरोका जवान वा अधिकृतलाई प्रदेश रक्षक विभुषण प्रदान गर्न सकिनेछ।

(ख) प्रदेश शिक्षाज्योति:शिक्षाको पहुँच नपुगेको क्षेत्रमा औपचारिक वा अनौपचारिक शिक्षाकोपहुँच बढाउने र नवीनतम् सिकाइको माध्यमबाट आमूल परिवर्तन ल्याउने, साक्षरता वृद्धिमा उल्लेखनीय योगदान गर्ने शिक्षाक्षेत्रसँग सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई प्रदेश शिक्षाज्योतिविभुषण प्रदान गर्न सकिनेछ।

(ग) मृत्युञ्जय: प्रदेशभित्रको चिकित्सा एवं स्वास्थ्य सेवामा संलग्न रही निस्वार्थ भावले स्वास्थ्यमा आमनागरिकको पहुँच वृद्धि गर्ने, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र जोखिम अवस्थामा रहेका विरामीको उद्दार एवं उपचार गर्ने व्यक्ति वा पदाधिकारीलाई मृत्युञ्जयविभुषण प्रदान गर्न सकिनेछ ।

(घ) प्रदेश गौरव:प्रदेशमा खेलकुद क्षेत्रको विकास र विस्तार गर्ने, राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक प्राप्त गरी प्रदेशको गौरव बढाउने, किर्तीमान कायम गर्ने प्रदेशका खेलाडी एवं प्रशिक्षकलाई प्रदेश गौरवविभुषण प्रदान गर्न सकिनेछ ।

(ङ) प्रदेश कृषि रत्न: कृषिको आधुनिकीकरण र व्यावसायिकरण गरी समग्र कृषि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने, उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत अर्थतन्त्रमा योगदान दिने,रैथाने कृषि प्रणालीको संरक्षण गर्न र प्रदेशलाई कृषिमा आत्मनिर्भर हुन सहयोग गर्ने प्रदेशका उत्कृष्ट कृषकलाई प्रदेश कृषि रत्न विभुषण प्रदान गर्न सकिनेछ ।

(च) सहकारी दूत:सबैको लागि एक र एकको लागि सबै भन्ने सहकारीको सिद्धान्तलाई आत्मसाथ गरी गरिव किसानको उत्थानका लागि सहकारिताको विकास र प्रर्वद्धनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सहकारी दूत विभुषण प्रदान गर्न सकिनेछ ।

(छ) उद्यमतारा: प्रदेशलाई उद्योग उन्मुख बनाउन लघु तथा घरेलु उद्यममा लगानी गर्ने, उद्यममा दलित र आदिवासी महिला सहभागितालाई प्रोत्साहन गर्ने, औद्योगिक रोजगारी सिर्जना गर्ने, प्रदेशको कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउन योगदान गर्ने उद्यमीलाई उद्यमतारा विभुषण प्रदान गर्न सकिनेछ ।

(ज) प्रदेशद्रष्टा: प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास एवं प्रवर्द्धन गर्ने, होमस्टेको माध्यमबाट मौलिक पर्यटनको विकास र विस्तार गर्ने, नमूना पर्यटकीय स्थलको आधार तयार गर्न योगदान गर्ने, प्रदेशभित्रका नयाँ नयाँ पर्यटकीयक्षेत्रमा लगानी गर्ने, पर्यटनको क्षेत्रमा उल्लेखनीय रोजगारीको सिर्जना गर्ने,आन्तरिक एवं बाह्य

पर्यटकलाई आकर्षित गरी प्रदेशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउनेव्यक्तिलाई प्रदेशद्रष्टा विभुषण प्रदान गर्न सकिनेछ ।

(झ) वातावरणश्री: वातावरणीय प्रदुषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने जोखिम न्यूनीकरणमा योगदान दिने, वन तथा वातावरण संरक्षणमा योगदान गर्ने प्रदेशभित्रका व्यक्ति वा अभियान्तालाई वातावरणश्रीविभुषण प्रदान गर्न सकिनेछ ।

(ञ) प्रदेश विकास सेवी:प्रदेशका आयोजनाहरुलाई समयमै सम्पन्न गरी प्रदेशको विकासमा योगदान पुऱ्याउने व्यक्ति वा पदाधिकारीलाई प्रदेश विकास सेवी विभुषण प्रदान गर्न सकिनेछ ।

(ट) संचार किरण: प्रदेशभित्र सूचना र सञ्चार माध्यमबाट समाजमा सही सूचनाको सञ्चार गर्ने, ग्रामीणभेगको समस्या र सिर्जनालाई उजार गर्ने, सूचनाको पहुँचलाई सहज बनाउने, संविधान एवं प्रचलित कानूनको बारेमा बहस पैरवी मार्फत जनचेतनाको वृद्धि गर्दै सशक्तिकरणमा योगदान पुऱ्याउनेसञ्चारकर्मीलाई संचार किरण विभुषण प्रदान गर्न सकिनेछ ।

(ठ) नव प्रवर्तनश्री:वैज्ञानिक खोज तथा नवीन प्रविधिको पहिचान, आविष्कार र पहिचान भएको प्रविधिलाई जीवनउपयोगी क्षेत्रमा प्रयोगमा ल्याउनेएवं सार्वजनिक क्षेत्रलाई प्रविधिमैत्री बनाउने कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनेव्यक्तिलाई नव प्रवर्तनश्रीविभुषण प्रदान गर्न सकिनेछ ।

(ड) सुभाषिक: प्रदेशभित्र वा बाहिर प्रचलनमा रहेका र लोपोन्मूखको अवस्थामा रहेका भाषाको संरक्षण, सम्वर्द्धन,प्रवर्द्धन र विकासमा विशेष योगदान पुऱ्याउनेव्यक्तिलाई सुभाषिक विभुषण प्रदान गर्न सकिनेछ ।

(ढ) कलाकीर्ति: प्रदेशभित्रका पुरातात्विककलाको उत्खनन्, संरक्षण र विकास गर्ने, चित्रकला, वास्तुकलाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने, नवीन कलाको विकास गर्ने, श्रव्यदृश्य एवं चलचित्रको माध्यम एवं सोको उद्योगमार्फत कलाक्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा कलाकारलाई कलाकीर्ति विभुषण प्रदान गर्न सकिनेछ ।

(ण) संस्कृतिदीप:प्रदेशभित्रका मौलिक र आदिवासी सभ्यता एवं संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने, संस्कृतिको प्रचारप्रसार गर्ने तथा सांस्कृतिक विविधता व्यवस्थापनमा योगदान दिने व्यक्तिलाई संस्कृतिदीप विभुषण प्रदान गर्न सकिनेछ ।

(त) प्रदेश श्रष्टा:साहित्यिक सिर्जनाको माध्यमबाट प्रदेशको गौरव बढाउने तथा साहित्यिक क्षेत्रमा विशेष योगदान दिने व्यक्तिलाई प्रदेश श्रष्टा विभुषण प्रदान गर्न सकिनेछ।

(थ) <u>प्रदेश सेवाश्री:</u>राज्यबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गर्ने, उत्कृष्ट सेवा प्रवाहगर्ने,योजना तथा बजेट तर्जुमा र कार्यान्वयन एवम् आर्थिक अनुशासन तथा सार्वजनिक स्रोतको कुशल व्यवस्थापनमा योगदान दिईसुशासनको प्रत्याभूतिका लागि योगदान दिने कर्मचारी वापदाधिकारीलाई प्रदेश सेवाश्रीविभुषण प्रदान गर्न सकिनेछ।

(द) <u>प्रदेश सुप्रवलश्री:</u>समाजको उन्नती र भलाईका लागि निःस्वार्थ भावनाले काम गर्ने,विपद्मापरेका नागरिकको उद्दार तथा सेवा गर्ने, समाजको हित र कल्याणका लागि परोपकारी र उत्कृष्ट सामाजिक कार्य गर्ने व्यक्तिलाईप्रदेश सुप्रवलश्री विभुषण प्रदान गर्न सकिनेछ।

(ध) <u>प्रदेश प्रवलश्री</u>: प्रदेश कानूनको तर्जुमा, विधायन व्यवस्थापन र विधि निर्माणमा योगदान गर्ने कर्मचारी वा पदाधिकारीलाई प्रदेश प्रवलश्री विभुषण प्रदान गर्न सकिनेछ ।

(२)प्रदेश सरकारबाट प्रदान गरिने विभुषणको कुनै श्रेणी रहने छैन।

(३)एक पटकमा एउटा क्षेत्रमा पाँचजनाभन्दा बढीलाई सिफारिस र विभुषित गरिने छैन।

## परिच्छेद-३
## <u>विभुषण सिफारिस समिति,सिफारिसको आधार रप्रकृया</u>

४. <u>विभुषण सिफारिस समिति:</u>(१)यस कार्यविधी बमोजिम प्रदेश सरकारबाट प्रदान गरिने विभूषणको सिफारिस गर्न प्रदेशस्तरमा देहाय बमोजिमको विभुषण सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -अध्यक्ष |
| (ख) | मुख्यमन्त्रीले तोकेको प्रदेश सरकारको एकजना मन्त्री | -सदस्य |
| (ग) | मुख्य न्यायाधिवक्ता | -सदस्य |
| (घ) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ङ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य सचिव |

५. <u>सिफारिसको आधार र प्रकृया:</u>(१)दफा ३ को उपदफा (१)मा उल्लेखित विषय क्षेत्रमा सम्बन्धित रहेर विभुषण सिफारिस गर्नु पर्नेछ।

(२)देहाय बमोजिमका व्यक्ति वा पदाधिकारीलाई विभुषणका लागि सिफारिस गर्न सकिने छैन:-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,

(ग) फौजदारी कसुरमा अनुसन्धानको क्रममा रहेको,

(घ) कर्मचारी रहेको भए सिफारिसको मितिसम्मप्रदेश सरकार अन्तर्गतको निकायमा कम्तीमा दुईसय तेत्तीस दिन रुजु हाजिर पूरा नगरेको वा निलम्बनमा रहेकोवा विभागीय सजाय पाएको, र

(ङ) प्रचलित कानून बमोजिम अयोग्य हुन सक्ने आधार भएको।

(३) यस कार्यविधी बमोजिम प्रदान गरिनेविभुषणको लागि देहायको पदाधिकारी, कर्मचारी वा व्यक्तिलाई अनुसूची-२ बमोजिमको ढाँचामा विवरण भर्न लगाईदेहाय बमोजिम सिफारिस गरी दफा ४ बमोजिमको समितिमा पठाउनु पर्नेछ ।

(क) प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री, प्रमुख सचिव, प्रदेश कानून बमोजिम नियुक्त पदाधिकारी तथा स्थानीय तहका पदाधिकारीको हकमा मुख्यमन्त्रीले,

(ख) प्रदेश सभाका सदस्यहरुको हकमा सभामुखले,

(ग) सुरक्षा निकायको प्रदेशस्थित प्रमुखहरुको हकमा आन्तरिक मामिला तथा कानून मन्त्रीले,

(घ) प्रदेश सभाका सचिवालयका कर्मचारीको हकमा प्रदेश सभाको सचिवालय व्यवस्थापन समितिले,

(ङ) प्रदेश सचिवहरुको हकमा प्रमुख सचिवले,

(च) मन्त्रालयसँग सम्बन्धित कर्मचारी वा त्यस्तो मन्त्रालयको कार्यविभाजनको विषयसँग मिल्ने विभुषणको क्षेत्रसँग मिल्ने कुनै पनि व्यक्ति वा पदाधिकारीको हकमा सम्बन्धित मन्त्रालयको सचिवले, र

(छ) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्यूरोको निकायमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित सुरक्षा निकायको प्रदेशस्थितप्रमुखले,

(४) आन्तरिक मामिला तथा कानून मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा पत्राचार गरी वा सूचना निकाली सिफारिस माग गर्नु पर्नेछ ।

(५) विभुषण पाउन योग्य वास्तविक व्यक्ति वा पदाधिकारीको नाम सिफारिस नभएको लागेमा समितिले दफा ३ को उपदफा (३) को अधिनमा रही कुनै योग्य व्यक्ति वा पदाधिकारीलाई विभुषणको लागि सिफारिस गर्न सक्नेछ ।

(६)सिफारिस समितिको सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ ।

६.<u>निर्णय रघोषणा प्रकृया</u> : (१) यस कार्यविधीबमोजिम प्रदान गरिने विभुषणको लागि दफा ५ बमोजिमको आधार र प्रकृया पूरा गरी प्रत्येक वर्षको कार्तिक पहिलो हप्ता भित्र दफा ४ बमोजिमको समितिको सचिवालयमानाम सिफारिस गरी पठाई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिसलाई मध्यनजर गरी दफा ४ बमोजिमको समितिले प्रत्येक वर्षको कार्तिक मसान्तभित्र निर्णय गरी मन्त्रालय मार्फत अन्तिम निर्णयका लागि प्रदेश सरकार (मन्त्रीपरिषद्) समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव उपर मंसीर १५ गते भित्र प्रदेश सरकार (मन्त्रीपरिषद्) ले अन्तिम निर्णय गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकार (मन्त्रीपरिषद्)ले निर्णय गरी घोषणागरेकोविभुषण प्राप्त गर्ने व्यक्ति वा पदाधिकारीको नाम यथाशिघ्र कुनै राष्ट्रिय वा प्रदेशस्तरको सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

(५) प्रदेश सरकार (मन्त्रीपरिषद्)ले निर्णय गरी घोषणागरेको विभुषण प्राप्त गर्ने व्यक्ति वा पदाधिकारीलाई नेपालको संविधान बमोजिम शुरु पटक प्रदेश सरकार गठन भएको उपलक्ष्यमा आयोजित समारोहमा विभुषणबाट सुशोभन गरिनेछ ।

(६) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०७७/०७८ का हकमासमितिले माघमसान्त भित्र आवश्यक प्रकृया पूरा गरी मन्त्रालय मार्फत अन्तिम निर्णयका लागि प्रदेश सरकार (मन्त्रीपरिषद्) समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त प्रस्ताव उपर प्रदेश सरकार (मन्त्रीपरिषद्)ले शीघ्र निर्णय गरी नेपालको संविधान बमोजिम शुरु पटक प्रदेश सरकार गठन भएको दिन विभुषण प्राप्त गर्ने व्यक्ति वा पदाधिकारीको नाम घोषणा गर्न सक्नेछ र घोषित नाम यथाशिघ्र कुनै राष्ट्रिय वा प्रदेशस्तरको सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

७. <u>विभुषण सुशोभन समारोह</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालयले विभुषण सुशोभन समारोहको आयोजना गर्नेछ ।

(२) यस कार्यविधी बमोजिम विभुषण पाउने व्यक्ति त्यस्तो विभुषण लिन स्वयं उपस्थित हुनुपर्नेछ ।

तर कुनै कारणले आफै उपस्थित हुन नसक्ने भनी जानकारी गराएमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले निजको नजिकको हकवालालाई त्यस्तो विभुषण प्रदान गर्न कुनै बाधा पर्ने छैन ।

(३) कुनै व्यक्तिलाई कुनै विभुषण मरणोपरान्त प्रदान गरिएमा वा विभुषण पाउने व्यक्तिको सो प्राप्त गर्नु अगावै मृत्यु भएमा निजको नजिकको हकवालालाई त्यस्तो विभुषण प्रदान गरिनेछ ।

८. <u>सम्मान पत्र प्रदान गरिने:</u>विभुषण प्रदान गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा सम्मान पत्र समेत प्रदान गरिनेछ।

९. **भत्ता उपलब्ध गराईने:**यस कार्यविधी बमोजिमको विभुषण प्राप्त गर्ने व्यक्तिलाई विभुषण सुशोभनसमारोहमा आउँदा जाँदाको यातायात खर्च र विशिष्ट श्रेणी सरहको दैनिक भ्रमण भत्ता आन्तरिक मामिला तथा कानून मन्त्रालयलेउपलब्ध गराउनेछ।

## परिच्छेद-४

## विभुषण र सम्मान पत्रको ढाँचा

१०. **विभुषणको ढाँचा:**विभुषणको ढाँचा दफा ११ बमोजिमको कार्यदलले सिफारिस गरे बमोजिम हुनेछ।

११. **प्राविधिक कार्यदल:**यस कार्यविधी बमोजिम प्रदान गरिने विभुषणको ढाँचा तथा लागत सिफारिस गर्न देहाय बमोजिमको एक प्राविधिक कार्यदल रहनेछः-

(क) सचिव,मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव वा सो सरह, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) उपसचिववा सो सरह,उद्योग पर्यटन वन तथा वातारण मन्त्रालय-सदस्य

(घ) मन्त्रालयले तोकेको सम्बन्धित विषयको विज्ञ -सदस्य

(ङ) उपसचिववा सो सरह, प्रशासन तथा योजना महाशाखा,मन्त्रालय-सदस्य सचिव

१२. **कार्यदलको काम, कर्तव्य र अधिकार:**(१) दफा ११ बमोजिमको कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभुषणको ढाँचा निर्धारण गर्ने,

(ख) विभुषणमा प्रयोग गरिने धातुको छनौट गर्ने,

(ग) लागत निर्धारण गर्ने,

(घ) विभुषणकोढाँचा तथा लागतको अन्तिम स्वीकृतको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्ने।

(२) उपदफा (१) बमोजिमको कार्यदलले बैठक सम्बन्धी आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यदलले सम्बन्धित निकायसंग आवश्यक सहयोग लिन सक्नेछ ।

## परिच्छेद-५

## विविध

१३. <u>विभुषण रद्द गर्न सक्ने</u> : (१) देहायको अवस्थामा प्रदेश सरकारले यस कार्यविधी बमोजिम प्रदान गरेको विभुषण रद्द गर्नसक्नेछः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वतन्त्रता विरुद्धको कार्य गरेमा,

(ख) नेपालको सार्वजनिक शान्ति र सुरक्षा खलल गरेको प्रमाणित भएमा,

(ग) लैङ्गिक, जातीय, धार्मिक तथा साम्प्रदायिक विद्वेष फैलाएको प्रमाणित भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारको अहित हुने कार्य गरेको प्रमाणित भएमा,

(ङ) संघीय वा प्रदेश वा स्थानीय कानूनको विपरितका कार्य गरेको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम विभुषण रद्ध भएमा प्रदेश सरकारले त्यस्तो विभुषण पाउने व्यक्तिको नाम र रद्द गरिएको विभुषण समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

१४.<u>विभुषण स्वेच्छाले फिर्ता गर्न सक्ने</u>ः यस कार्यविधी बमोजिम प्राप्त गरेको कुनै विभुषण स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो विभुषण मन्त्रालयमा बुझाउनु पर्नेछ ।

१५. <u>फरकपना हुनुपर्ने</u>ः (१) यस कार्यविधी बमोजिम प्रदान गरिने विभुषणका नाम र ढाँचा नेपाल सरकारबाट प्रदान गरिने विभुषणको नाम र ढाँचासँग मेल नखाने गरी तयार गर्नु पर्नेछ ।

१६. <u>पोशाकः</u>सम्मान र पदक सुशोभन समारोहमा सुशोभित हुनेमहिलाले जुनसुकै शैलीको सारी चोलो, पुरुषको हकमा दौरा, सुरुवाल,कोट,कालो जुत्ता वा निजामती कर्मचारीको हकमा तोकिएका पोशाक वा आफ्नो परम्परा र संस्कृति झल्कने जुनसुकै औपचारिक पोशाक लगाउनु पर्नेछ।

तर तेस्रो लिङ्गीको हकमा सार्वजनिक नैतिकताको प्रतिकूल नहुने गरी पोशाक लगाउन बाधा पर्ने छैन।

१७. <u>यस कार्यविधी बमोजिम हुने</u>ः यस कार्यविधीमा लेखिएको विषयमा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ८ संग सम्बन्धित)

<u>सम्मान पत्रको ढाँचा</u>

मान्यवर श्री ..................

..........................ठेगाना ।                                        घोषणा मितिः...............

प्रदेश विभुषण सम्बन्धी कार्यविधी, २०७७ बमोजिम........................ क्षेत्रमा तपाईंले उल्लेखनीय योगदान पुऱ्याई यस प्रदेशको गौरव अभिवृद्धिमा योगदान गर्नु भएकोले प्रदेश सरकारबाट .................विभुषण द्वारा सम्मान गरिएको छ । प्राप्त विभुषणको गरिमा उच्चतम रुपमा कायम गरी प्रदेशको गौरव बढाउने कार्यमा यहाँको निरन्तर योगदानको अपेक्षा समेत गरिएको छ ।

....................

अध्यक्ष

विभुषण सिफारिस समिति

....................

मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश

अनुसूची-२

दफा५ को उपदफा (३)सँग सम्बन्धित

<u>सिफारिस गरिने राष्ट्र सेवक कर्मचारी/सर्बसाधारणको विवरण</u>

(१) व्यक्तिगत विवरण :

| | | | | | |
|---|---|---|---|---|---|
| नाम, थर | | | जन्म मिति/हालको उमेर | | |
| ना.प्र.नं./जिल्ला | | | बुबाको नाम | | |
| ठेगाना | प्रदेश- | जिल्ला- | न.पा./गा.पा- | वार्ड नम्वर- | टोल/ब्लक नं.- |
| स्थायी | | | | | |
| अस्थायी | | | | | |
| सम्पर्क | फोन नं. | | ईमेल ठेगानाः | | |

(२) संस्थागत विवरण (भए) :

| | | | |
|---|---|---|---|
| हालको दर्जा/श्रेणी | | पदोन्नति मिति | |
| परिचयपत्र नं./संकेत नं. | | शुरु नियुक्ती मिति | |
| सुरु नियुक्ति दर्जा | | हाल कार्यरत स्थान | |
| कार्यालय | | अध्ययन/असाधारण विदा | |

(३) उपलब्धिहरुको विवरण :

| | | | |
|---|---|---|---|
| विगतमा प्राप्त गरेका उपाधी,सम्मान र विभूषण तथा प्राप्त मिति | प्रशंसा पत्रहरुः | | |
| | पुरस्कारहरु (निजामती पुरस्कार समेत) | | |
| | विभूषणहरुः | | |
| | अन्यः | | |
| सम्बन्धित व्यक्तिले हालसम्म गरेका उल्लेख्य कार्यको विवरणहरु | कार्यालय | काम गरेको अवधी | विशेष योगदान/कार्य |
| | १. | | |
| | २. | | |
| | ३. | | |
| | ४. | | |

(४) विगतमा भएका कारवाहीको विवरण :

(क) कर्मचारी भए :-

| | |
|---|---|
| विगतमा भएका कारवाही वा सफाई पाएको भए सोको विवरण | ध्यानाकर्षण/सचेत/चेतावनीः |
| | नसिहत/निलम्बनः |
| | ग्रेड रोक्का/पदोन्नती रोक्का/तल्लो टाइम स्केलमा घटुवाः |
| | घटुवा/चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकुल रायः |
| | सेवाबाट हटाइएको/वरखास्त गरेकोः |
| | अन्य अभियोगः |

(ख) व्यक्ति भए :-

| | |
|---|---|
| विगतमा भएका कारवाही वा सफाई पाएको भए सोको विवरण | फौजदारी मुद्दाः |
| | देवानी मुद्दाः |
| | कालो सूची, बैकिङ्ग कसुरः |
| | अन्य अभियोगः |

(५) उल्लेखित सम्पूर्ण विवरणहरु सत्य तथ्यमा आधारित रहेको व्यहोरा प्रमाणित गर्दछु, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

नाम थर : दर्जा(कर्मचारी भए)/ठेगानाः कार्यरत निकाय :

फोन नम्बर : ईमेल ठेगाना :दस्तखत :

(६) उल्लेखनीय उपलब्धीहरु तथा विभुषण प्रदान गर्नु पर्ने कारणहरु :

(क) कर्मचारी भए :-

| | |
|---|---|
| जिम्मेवारी वहन तथा उत्तरदायित्व प्रति निजको भूमिका | |
| निजको आफ्नै पहलमा भएका सिर्जनसिल कार्यहरु | |
| साहसिक तथा उल्लेख्य कार्यहरुको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| विभूषण प्रदान गर्नको लागि सिफारिस गर्नुपर्ने आधार र अरु उल्लेख्य कारणहरु | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

(ख)व्यक्ति भए :-

| | |
|---|---|
| निजको आफ्नै पहलमा भएका सिर्जनशिल कार्यहरु | |
| साहसिक तथा उल्लेख्य कार्यहरुको विवरण | |
| सार्वजनिक हित तथा राष्ट्रको उन्नतिमा निजको योगदान | |
| विभूषण प्रदान गर्नको लागि सिफारिस गर्नुपर्ने आधार र अरु उल्लेख्य कारणहरु | |
| निजको आचरण (प्रहरी प्रतिवेदन अनुसार) | |
| विशेष योगदान र अनुसन्धानको विषय भए उल्लेख गर्ने | |

(७) सिफारिस कर्ताको नाम, दर्जा/पद र राय :

नाम थर : दर्जा : दस्तखत :

कार्यालय : मिति :